(ख) सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स ) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,

(घ) प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,

(ङ) प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने,

(च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने,

(छ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,

(ज) आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेजी सम्बन्धी नीति र मापदण्ड तय गर्ने,

(झ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,

(ञ) आयोगको वार्षिक बजेट तथा आयोगका लागि आवश्यक कर्मचारी दरबन्दी स्वीकृत गर्ने,

(ट) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने,

(ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## कार्यकारी समिति

ऐनको दफा ८ ले आयोगको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी समिति रहने र उक्त समितिको गठन निम्नानुसार हुने उल्लेख गरेको छ :-

(क) उपाध्यक्ष – अध्यक्ष

(ख) निर्देशकहरू – सदस्य

(ग) आयोगका सदस्यहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित दुई जना – सदस्य

(घ) आयोगको सदस्य सचिव – सदस्य सचिव

- मनोनीत सदस्यहरूको पदावधि आयोगको सदस्य रहेसम्म कायम रहने व्यवस्था छ ।

## समितिको काम, कर्तव्य र अधिकार

ऐनको दफा ९ ले कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहने उल्लेख गरेको छ :-

(क) निर्देशनालय र बोर्डबिच समन्वय गर्ने,

(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने तथा आवश्यकताअनुसार निर्देशनालय र बोर्डलाई निर्देशन दिने,

(ग) निर्देशनालय र बोर्डबाट पेस हुने कार्ययोजना, प्रस्ताव, निर्देशिका वा मापदण्डमा आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि आयोगमा पेस गर्ने,

(घ) सम्बन्धित निर्देशनालयको सिफारिसका आधारमा यस ऐनबमोजिम आशयपत्रका लागि आयोग समक्ष सिफारिस गर्ने,

(ङ) आयोगमा स्वीकृत भएका नीति तथा कार्यक्रम सम्बन्धित निर्देशनालय र बोर्डद्वारा कार्यान्वयन गराउने,

(च) यस ऐनबमोजिम शिक्षण संस्थाको सम्बन्धन खारेजी गर्न सम्बन्धित विश्वविद्यालयलाई लेखी पठाउने,

(छ) चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य र समन्वय गर्ने,

(ज) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन तयार गर्ने,

(झ) शिक्षण संस्थाको विद्यार्थी सिट सङ्ख्या, शिक्षण शुल्क र सम्बन्धन सम्बन्धी विषयमा आयोगसमक्ष सिफारिस गर्ने

(ञ) तोकिएबमोजिमका अन्य काम गर्ने गराउने ।

## उपसंहार

मानव स्वास्थ्य र शिक्षासँग सम्बद्ध भै विभिन्न आरोह र अवरोह पार गर्दै अगाडि बढेको चिकित्सा शिक्षाको विश्व सन्दर्भमा नेपाली नागरिकको गुणस्तरीय चिकित्सा शिक्षा र सेवा प्राप्तिको विषयलाई सम्बद्ध सरोकारवालाहरूबाट उठान गरिएको चासोका पृष्ठभूमिमा अध्यादेश मार्फत स्थापित चिकित्सा शिक्षा आयोग नेपाल सरकारको नीतिगत दस्तावेजका रूपमा तय भई जारी भएको राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम गठन भएर कार्यसम्पादन प्रक्रियामा अगाडि बढेको छ। सम्माननीय प्रधानमन्त्रीज्यू कै अध्यक्षतामा रहने २९ सदस्यीय आयोगअन्तर्गत कार्यकारी निकायको रूपमा काम गर्न उपाध्यक्षको अध्यक्षतामा आठ सदस्यीय कार्यकारी समिति रहने व्यवस्था ऐनमा रहेको छ । उपर्युक्तमा उल्लिखित आयोग र समितिका काम कर्तव्य र अधिकारहरूलाई व्यवस्थित रूपमा कार्यान्वयनमा लैजान सकेमा ऐनका उद्देश्यहरू पूरा भै आयोग स्थापनाको ध्येय सिद्ध हुने देखिन्छ ।

# चिकित्सा शिक्षा आयोग
# परिचय पुस्तिका

२०७६

नेपाल सरकार

## चिकित्सा शिक्षा आयोग

चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

# चिकित्सा शिक्षा आयोग

## पृष्ठभूमि

मानव जीवनका लागि स्वास्थ्य अपरिहार्य र अभिन्न विषय हो । स्वस्थ नागरिकको परिकल्पनाका लागि मानव स्वास्थ्य तथा स्वास्थ्य शिक्षालाई प्राथमिकतामा राखिन्छ । मानव स्वास्थ्य र शिक्षाको विषय सन्दर्भमा चिकित्सा शिक्षा अनोन्याश्रित रुपमा जोडिएर आँउछ । मानव स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले चिकित्सा शिक्षाको गुणस्तर तथा सान्दर्भिकताका सम्बन्धमा जनचासो रहनु स्वभाविक हो । गुणस्तरीय चिकित्सा शिक्षाले दक्ष चिकित्सक उत्पादन गर्ने र दक्ष चिकित्सकले गुणस्तरीय चिकित्सा सेवा प्रदान गर्न सक्ने विश्वास आम सर्वसाधारणमा रहेको पाइन्छ ।

सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ बनाउने विषय नेपालको संविधानमा समेत मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ । स्वस्थ नागरिकले राष्ट्रको आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक लगायत पक्षहरूको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेल्छन् । यसका लागि राष्ट्रिय आवश्यकता अनुरूप चिकित्सा शिक्षाको प्रवर्द्धन गर्नु अपरिहार्य हुन्छ । प्रभावकारी स्वास्थ्य सेवामा आम जनताको सहज पहुँच पुर्‍याउन एवम् भौगोलिक सन्तुलन कायम राख्न चिकित्सा शिक्षालाई समावेशी, समतामूलक, गुणस्तरयुक्त र प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

यस सन्दर्भमा चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूको नियमन गरी गुणस्तर, पेसाधर्मिता र व्यावसायिकताको अभिवृद्धि गर्नु एकातर्फ आवश्यक देखिन्छ भने अर्कोतर्फ भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गर्दै चिकित्सा शिक्षा तथा सेवाको विस्तार गर्नु पनि उत्तिकै जरुरी देखिन्छ । दुर्गम र विपन्न समुदायका विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गरी चिकित्सा शिक्षालाई जातीय, वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र भौगोलिक रूपमा समावेशी बनाउन विगतदेखि नै विभिन्न प्रयास भएको पाइन्छ । यसका वावजुद पनि चिकित्सा शिक्षाका क्षेत्रमा विद्यमान विभिन्न विकृति, विसङ्गति एवम् विभेद समेत रहेको जनचासोका सन्दर्भलाई सम्बोधन गर्ने प्रयासस्वरुप नेपाल सरकारको एउटा महत्वपूर्ण नीतिगत दस्तावेजको रुपमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तर्जुमा भएको छ ।

चिकित्सा शिक्षा क्षेत्रमा सुधारका लागि विभिन्न समयमा नागरिक समाज, सम्वद्ध दवाव समूह एवम् सरोकारवालाहरूबाट प्रस्तुत मागहरूको सम्बोधन तथा सामयिक आवश्यकता परिपूर्तिको पृष्ठभूमिमा गठित विभिन्न आयोग, कार्यदल र समितिका प्रतिवेदनहरूले दिएका सुझाव तथा राष्ट्रिय आवश्यकताका आधारमा २०७४ साल कात्तिक २४ गते राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न अध्यादेश जारी भएको र सोही अध्यादेशमा उल्लिखित प्रावधानअनुसार चिकित्सा शिक्षा आयोगको स्थापना भएको थियो ।

नेपाल सरकार तथा सरोकारवालाको चासो र सक्रिय पहलमा उक्त अध्यादेशको समयावधि समाप्त हुनै लाग्दा संघीय सरकारले प्रतिस्थापन विधेयक ल्याई चिकित्सा शिक्षा आयोगलाई क्रियाशील बनाउन संघीय संसदका दुवै सदनबाट पारित गरी २०७५ साल फागुन १० गतेका दिन प्रमाणीकरण समेत भई राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको छ । यस ऐनअनुसार विश्वविद्यालय, प्रतिष्ठानलगायत अन्य सम्बन्धित निकायहरूको निर्दिष्ट स्वायत्तता र स्वतन्त्रतालाई आत्मसात गरी राष्ट्रियस्तरमा सम्बद्ध सबै निकायहरूसँग समन्वय र सहकार्य गर्ने एवम् अन्तर्राष्ट्रिय स्तरका निकायहरूसँग समेत समन्वय, सहकार्य र साझेदारी गर्दै समावेशी र गुणस्तरीय चिकित्सा शिक्षाको सुनिश्चितता गर्नु आयोगको मुख्य ध्येय रहेको छ । यो ध्येय प्राप्तिका लागि ऐनबमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगको कार्यालय हाल सानोठिमी, भक्तपुरमा सञ्चालनमा आएको छ ।

## चिकित्सा शिक्षा आयोगको दूरदृष्टि

राष्ट्रिय आवश्यकताअनुरूप गुणस्तरीय चिकित्सा शिक्षामा सर्वसाधारणको पहुँच बढाई गुणस्तर र पेसाधर्मिता सहितको स्वस्थ र दक्ष जनशक्ति विकास गर्दै संस्थागत जवाफदेही अभिवृद्धि गरी स्वस्थ सामाजको विकास गर्नु चिकित्सा शिक्षा आयोगको दूरदृष्टि रहेको छ ।

**चिकित्सा शिक्षा आयोगका मुख्य उद्देश्यहरू यसप्रकार रहेका छन्**

(१) गुणस्तरीय चिकित्सा शिक्षामा सर्वसाधारणको पहुँच पुर्‍याउनु,

(२) चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्नु,

(३) चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकताअनुरूप विकास गर्नु,

(४) चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउनु,

(५) चिकित्सा शिक्षण संस्थाहरूको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्नु,

(६) चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता र संस्थागत जवाफदेही अभिवृद्धि गर्नु,

(७) चिकित्सा शिक्षामा भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्नलगायत सबै विद्यार्थीको समान पहुँच सुनिश्चित गर्नु ।

## चिकित्सा शिक्षा आयोगको गठन

राष्ट्रिय चिकित्सा शिक्षा ऐन , २०७५ को दफा ५ बमोजिम चिकित्सा शिक्षा आयोगको गठन देहायअनुसार छ :-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) शिक्षासम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री - सहअध्यक्ष

(ग) स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री - सहअध्यक्ष

(घ) चिकित्सा क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका चिकित्सकहरूमध्येबाट नेपाल सरकारले नियुक्ति गरेको एक जना - उपाध्यक्ष

(ङ) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा तथा स्वास्थ्य हेर्ने) - सदस्य

(च) चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन भएका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूमध्येबाट तीन जना - सदस्य

(छ) शिक्षासम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव - सदस्य

(ज) स्वास्थ्यसम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव - सदस्य

(झ) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग - सदस्य

(ञ) उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् - सदस्य

(ट) अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् - सदस्य

(ठ) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् - सदस्य

(ड) अध्यक्ष, नेपाल नर्सिङ परिषद् - सदस्य

(ढ) अध्यक्ष, नेपाल स्वास्थ्य व्यावसायी परिषद् - सदस्य

(ण) अध्यक्ष,नेपाल फार्मेसी काउन्सिल - सदस्य

(त) स्वास्थ्यसम्बन्धी राष्ट्रिय तहका मेडिकल तथा नर्सिङ्लगायतका आधिकारिक पेसागत सङ्गठनका अध्यक्षहरूमध्येबाट कम्तीमा एक जना महिलासिहत दुई जना - सदस्य

(थ) मेडिकल र डेन्टलबाहेकका निजी शिक्षण संस्था सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठनका अध्यक्ष - सदस्य

(द) नागरिक समाजका लब्ध प्रतिष्ठित कम्तीमा एक महिलासहित दुई जना - सदस्य

(ध) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल - सदस्य

(न) चिकित्सा शिक्षा विज्ञहरूमध्येबाट समावेशी सिद्धान्तको आधारमा कम्तीमा दुई जना महिलासहित तीन जना - सदस्य

(प) अध्यक्ष, नेपाल मेडिकल एसोसिएसन - सदस्य

(फ) निजी मेडिकल र डेन्टल कलेज सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठनका अध्यक्ष - सदस्य

(ब) आयोगको वरिष्ठ कर्मचारी - सदस्य सचिव

- आयोगमा मनोनीत हुने सदस्यहरूको मनोनयन अध्यक्षले गर्ने व्यवस्था छ । निजहरूको पदावधि चार वर्षको हुने र अर्को एक कार्यकालका लागि पुन: मनोनयन हुन सक्ने प्रावधान छ ।

## आयोगको काम, कर्तव्य र अधिकार

ऐनको दफा ६ मा चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार उल्लेख गरिएको छ :-

(क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने,